# अजिरकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**भच्चेक, गोरखा**

**गण्डकी प्रदेश, नेपाल**

## आ.व. २०८१/०८२ को नदिजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः-२०८०१/०६/२३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अजिरकोट गाउँपालिकाको आर्थिक ऐन, २०८१, अजिरकोट गाउँपालिकाको खरिद नियमावली, २०७६ र अजिरकोट गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०६/२१ को निर्णय बमोजिम अजिरकोट गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने चेपे नदि र दरौंदी नदीका तपशिलमा उल्लेखित नदी घाटहरुबाट नदीजन्य पदार्थ (ढुंगा, गिटी, बालुवा ) उत्खनन् गरी बिक्री वितरण तथा आन्तरिक निकासीको लागि बढी बढाउमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले आ.व. २०८१/०८२ को फर्मको नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी, मुल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्रको प्रतिलिपी, आ.व. २०८०/०८१ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी वा कर विवरण पेश गरेको कागजात वा आय विवरण पेश गर्न म्याद थप भएको प्रमाण पत्रको प्रतिलिपि संग्लन गरी उक्त कार्य गर्न योग्य भएको स्व-घोषणा संग्लन गरी बोलपत्रको फारममा रहेका शर्तहरुको अधिनमा रही रितपुर्बक बोलपत्र पेश गर्नको लागि सूचना आह्वान गरिएको सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ।

**तपसिल**

| ठेक्का संकेत नं | ठेक्काको नाम | संक्षिप्त वातावरणीय परिक्षण बमोजिम उत्खनन गर्न सकिने अधिकतम परिमाण (घ.मि) | ढुंगा गिट्टी ,वालुवा जस्ता नदिजन्य पदार्थ उत्खनन बापत न्युनतम रकम (करहरु बाहेक) | शिलबन्दी दरभाउ फाराम दस्तुर रु. | धरौटी रकम | बोलपत्र पेश गर्ने अवधी |
|---|---|---|---|---|---|---|
| ARM/IR/01/2081/82 | अजिरकोट गाउँपालिका वडा नं. २ अन्तर्गत पर्ने चेपे खोला क्षेत्रको सिस्नेरीघाट, ताल बगर र घटेखोला बगर क्षेत्र | 2,052.00 | 652,105.08 | | | |
| ARM/IR/02/2081/82 | अजिरकोट गाउँपालिका वडा नं. ३ अन्तर्गत पर्ने चेपे खोला क्षेत्रको चेपेचौर बगर क्षेत्र | 2,029.50 | 644,954.80 | | | |
| ARM/IR/03/2081/82 | अजिरकोट गाउँपालिका वडा नं. १ अन्तर्गत पर्ने दरौंदी खोला क्षेत्रको खलाडकुना बगर क्षेत्र | 3,499.20 | 1,112,010.76 | 3000 | मु.अ.कर सहितको कबोल अंकको ५ प्रतिशत | सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र |
| ARM/IR/04/2081/82 | अजिरकोट गाउँपालिका वडा नं. १ अन्तर्गत पर्ने दरौंदी खोला क्षेत्रको ढड्डेबगर क्षेत्र | 5,550.00 | 1,763,734.50 | | | |
| ARM/IR/05/2081/82 | अजिरकोट गाउँपालिका वडा नं. ५ अन्तर्गत पर्ने दरौंदी खोला क्षेत्रको हाइड्रोपावर नजिक क्षेत्र | 1,080.00 | 343,213.20 | | | |

बिस्तृत जानकारीको लागि कार्यालय समयभित्र अजिरकोट गाउँपालिका ,गाउँ कार्यपालिकाको कार्यालय, भच्चेक गोरखामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ। साथै यस कार्यालयको वेबसाइट www.ajirkotmun.gov.np बाट समेत जानकारी लिन सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**